बागमती प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौंडा, नेपाल

## विज्ञप्ति

राष्ट्रिय परीक्षा बोर्डको कार्यतालिका अनुसार मिति २०७९/१२/१७ गतेदेखि ऐ. २९ गतेसम्म कक्षा १० को अन्त्यमा लिइने माध्यामिक शिक्षा परीक्षा (SEE) देशभर सञ्चालन हुन गइरहेको छ । यस परीक्षामा बागमती प्रदेशभित्र ४३४ परीक्षा केन्द्र मार्फत् १,०१,७३३ जना परीक्षार्थीहरु सहभागी हुन गइरहेका छन् भने परीक्षा सञ्चालनका लागि केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, सुरक्षाकर्मी सहित १५,८४६ जना जनशक्ति परिचालन भएका छन् ।

परीक्षालाई स्वच्छ, व्यवस्थित, मर्यादित एवं शान्तिपूर्ण रुपमा सम्पन्न गर्नु हामी सबैको जिम्मेवारी भएकाले सम्बद्ध सबै सरोकारवाला पक्षहरुमा आवश्यक सहयोग तथा समन्वयका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट अनुरोध छ । परीक्षाको मर्यादामा खलल पुग्ने तथा परीक्षार्थीको मनोविज्ञानमा असर पुऱ्याउने कुनै पनि प्रकारका क्रियाकलापहरु हुन नदिन सम्बद्ध सबैमा आग्रह गर्दछौं ।

यस परीक्षामा सहभागी हुनुहुने सबै परीक्षार्थीहरुमा सफलताको शुभकामना व्यक्त गर्दछौं।

मिति: २०७९/१२/१६

(बद्री बहादुर पाठक)
उपसचिव/ प्रवक्ता

फोन नं:-०५७-५२२३८५ वेवसाइट: ocmcm.bagamati.gov.np ईमेल:- governance.ocmcm@bagamati.gov.np